धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

प.सं.(Letter No.): २०७७/७८
च.नं.(Ref.No.):

# धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी

## अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, वैक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी/कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७/०४/२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक-पटक साबुन-पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी ( २ मिटर ) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७/०५/०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को वैठकको निर्णयका देहायका विषयहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम/सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।

२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ-आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।

३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्न चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्न सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

२०७७/५/०५

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)